मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पत्र संख्या.:०७९।८०
चलानी नं.:

पकडी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल।

www.mayadevimunkapilvastu.gov.np
mayadevirm@gmail.com

## सेवा करारमा कर्मचारी लिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मितिः २०७९।०५।१५**

प्रस्तुत विषयमा यस मायादेवी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९/०५/११ गतेको निर्णयानुसार यस गाउँपालिका अन्तरगतका आठै वटा वडाहरुमा एम्बुलेन्स सेवा संचालन गर्नकालागि तपसिल बमोजिमको पद सेवा करारमा पदपूर्ती गर्नुपर्ने आवश्यक भएको हुँदा, योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सांत) दिन भित्र कार्यालय समयमा राजस्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्नुहुनकालागि सम्बन्धित सबैमा जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ। साथै दरखास्त फाराम यस कार्यालयबाट वा यस कार्यालयको वेबसाईट www.mayadevimunkapilvastu.gov.np मा गई डाउनलोड गर्न सकिनेछ। म्याद नाघी दरखास्त प्राप्त हुन आएमा सो दरखास्त उपर कुनै कारवाही हुने छैन।

| विज्ञापन नं. | पद | माग संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव |
|---|---|---|---|
| ३१/०७९/०८० | हलुका सवारी चालक (एम्बुलेन्स चालक) | ८(आठ) | • नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ८ कक्षा वा सो सरह उतीर्ण गरेको हुनुपर्ने,<br>• शारिकरूपमा अपंगता नभएको साथै निरोगिता प्रमाणपत्र अनिवार्य पशे गर्नुपर्ने,<br>• हलुका सवारी चालक अनुमति पत्र (ड्रईभिङ लाईसेन्स) अनिवार्य हुनुपर्ने,<br>• हलुका सवारी चालक अनुमति पत्र (ड्रईभिङ लाईसेन्स) प्राप्त गरी सेवा अनुभव प्राप्त गरेकोलाई विशेष प्राथमिकता दिईनेछ। |

**१. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजतको प्रतिलिपिहरु

- नागरिकता,
- कम्तीमा न्युनतम योग्यताको लब्धांक प्रमाण पत्र,
- चारित्रिक प्रमाण पत्र,
- निरोगिता प्रमाण पत्र,
- अनुभव भए सो सम्बन्धी आवश्यक कागजातहरू,
- २ प्रति पासपोर्ट आकारको फोटो,

**२. उमेर हदः** दरखास्त दिने अन्तिम मितिमा पुरूषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने, तर यस अघि यस मायादेवी गाउँपालिका कपिलवस्तु भित्र २०७९ असार मसान्त सम्म हलुका सवारी चालकको रुपमा कार्यरत रही कामकाज गरको हकमा उमेरको हद लाग्ने छैन्।

**३. आवेदन दस्तुरः** रू ३००/- (तीन) सय मात्र।

**४. दरखास्त दिने स्थानः** मायादेवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,पकडी,कपिलवस्तु।

**५. दरखास्त दिने अन्तिम मितिः** २०७९।०५।२१ गते, यदि उक्त दिन सार्वजनिक विदा परेको खण्डमा विदाको भोलिपल्ट कार्यालय समय भित्र।

**६. छनौटको किसिमः** मायादेवी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ बमोजिम हुनेछ।

**७. कर्मचारीको पारिश्रमिक :** कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**पुनश्चः** नेपाल सरकारको प्रचलित कानून बमोजिम नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको हुनुपर्ने,

२०७९।५।१५
प्रमेश्वर यादव
**प्रमेश्वर यादव**
**प्रमुख प्रशासकीय अधिकृत**

CamScanner